


ISSN: 2990-7993(P)

Dhaulagiri Journal of Contemporary Issues
Vol 2, Issues 1
July, 2024
Page 37-44

DOI: https://doi.org/10.3126/djci.v2i1.67450

**Published by**: Research Management Committee,
Dhawalagiri Multiple Campus, Baglung
**Home Page**: https://dmcjournal.edu.np/index.php/DWJCI
**Nepjol Home Page:** https://www.nepjol.info/index.php/djci

# नेपाली उखानमा लैङ्गिकता

आनन्दराज सिलवाल
उपप्राध्यापक, नेपाली शिक्षण विभाग, धवलागिरि बहुमुखी क्याम्पस वागलुङ
Email: silwalananda26@gmail.com

**लेखसार**

प्रस्तुत आलेख नेपाली उखानमा लैङ्गिकता शीर्षकमा आधारित रहेको छ । लोकजीवनको सूत्रात्मक कथनलाई उखान मानिन्छ । लोकजीवनमा प्रचलनमा रहेका अर्थपूर्ण स-साना वाक्य उखान हुन् । यस्ता साना वाक्यहरूलाई मानव अनुभवको अमूल्य रत्नका रुपमा लिइन्छ । उखान मानव अनुभवको दीर्घकालीन ज्ञानबाट सिर्जित हुन्छन् । यिनले लोकजीवनको अनुभवद्वारा जनमानसलाई प्रभावित तथा उत्कर्षता प्रदान गर्दछन् । उखान सङ्क्षिप्त, सारगर्भित र प्रभावशाली हुन्छन् । समाजमा लिङ्गका आधारमा नारी र पुरुषलाई हेर्ने मान्यता नै लैङ्गिकता हो । प्रचलित केही नेपाली उखानमा नारीलाई सम्मान गरेको पाइन्छ भने केहीमा अपमान गरेको पाइन्छ । त्यसैगरी केही नेपाली उखानमा पुरुषलाई सम्मान गरेको पाइन्छ भने केहीमा पुरुषलाई अपमान गरेको पाइन्छ । यसरी नेपाली समाजमा आदिकालदेखि नारी र पुरुषका बिचमा भएका सम्मान र अपमानका व्यवहारगत यथार्थ सूत्रका रुपमा उखानमा आएका हुन्छन् । यसकारण प्रस्तुत शीर्षक अध्ययनीय रहेको छ । यसका बारेमा विविध कोणबाट अध्ययन भए पनि अहिलेसम्म लैङ्गिकताका आधारमा अध्ययन नभएको सन्दर्भमा प्रस्तुत अध्ययन आफैमा महत्त्वपूर्ण रहेको छ । नेपाली उखानलाई लैङ्गिकतासँग जोडेर अध्ययन नभएको सन्दर्भमा यसैअनुरूप विश्लेषण गर्नु प्रस्तुत आलेखको मुख्य काम हो । प्रस्तुत मूल समस्याको समाधानार्थ नेपाली उखानमा लैङ्गिकता केकस्तो छ ? भन्ने प्राज्ञिक जिज्ञासाको उत्तरका लागि लैङ्गिकतामा आधारित रहेका केही नेपाली उखानको विश्लेषण गरी समस्यागत रिक्तताको परिपूर्ति गर्ने काम यसमा गरिएको छ । प्रस्तुत आलेखमा विविध कोणबाट उखानका बारेमा आजसम्म भएका पूर्वकार्यको समीक्षा गरी अध्ययनको समस्यागत रिक्तताको खोजी गर्ने काम गरिएको छ । प्रस्तुत आलेखमा नेपाली उखानको लैङ्गिकताका आधारमा विश्लेषण गर्नका लागि पुस्तकालयीय अध्ययन कार्यबाट सङ्कलित प्राथमिक तथा द्वितीयक स्रोतका सामग्रीको समष्टिगत गुणात्मक पद्धतिअनुरुप विश्लेषण गरिएको छ । नेपाली लोकजीवनमा प्रचलनमा रहेका समभाव सिर्जना गर्ने खालका उखानहरूको संरक्षण गर्दै सामाजिक सद्भाव भङ्ग गर्ने खालका उखानहरूलाई प्रयोगबाट हटाउनु आवश्यक छ । नेपाली समाजमा प्रचलित एकाध उखानबाहेक विपरित लिङ्गले विपरित लिङ्गलाई सम्मानभाव र समान लिङ्गले समान लिङ्गलाई अपमानभाव दर्साएको स्पष्ट हुन्छ । यस्तो निष्कर्षमा आधारित प्रस्तुत अध्ययनले सम्बद्ध क्षेत्रका अध्येतालाई प्राज्ञिक मार्गदर्शन गर्नेछ ।

***शब्दकुञ्जी :*** उपभोग्य, लोकजीवन, लोकसाहित्य, शिष्टसाहित्य, सूत्रात्मक

**Article Information**

**Received**: 25 April, 2024 **Reviewed:** 30 April, 2024 - 10 May, 2024 **Revised**: 12 May, 2024 - 18 May, 2024
**Accepted:** 21 May, 2024 **Published:** 30 June, 2024
*Corresponding Author:* Anandaraj Silwal
To Cite this Article:
सिलवाल, आनन्दराज, (२०२४), नेपाली उखानमा लैङ्गिकता, *धौलागिरी जर्नल अफ कन्टेमपोररी इस्युज्* २ (१), ३७-४४। अनुसन्धान https://doi.org/10.3126/djci.v2i1.67450

© by author: This article is licensed under the terms and conditions of Creative Commons Attribution Non-commercial (CC BY NC) License (https://creativecommons.org/licenses/by-nc/4.0/

## परिचय

लोकअनुभवबाट निर्मित साहित्यलाई लोकसाहित्य मानिन्छ । लोकसाहित्यमा लौकिक जीवनका भावना, विचार, इच्छा र आकाङ्क्षा आएका हुन्छन् । लोकसाहित्यअन्तर्गत लोकगीत, लोककथा, लोकभजन, लोकउखान आदि पर्दछन् । लोकजीवनका विविध क्रियाकलाप, रीतिस्थिति, विश्वास, दृष्टिकोण आदिलाई उखानले प्रकट गरेको हुन्छ । उखान भाषाको आत्मा हो र यसको प्रयोगले भाषिक चमत्कार उत्पन्न हुन्छ । लोकजीवनका अनुभवबाट सिर्जना भएका कथनलाई उखान मानिन्छ । कुनै पनि भाषाको समृद्धिमा उखानको विशिष्ट स्थान रहन्छ । उखान समाजका विविध क्षेत्रबाट प्राप्त तथ्य अनुभवलाई सारगर्भित र सूत्रबद्ध रूपमा व्यक्त गरिएको समाजको अमूल्य सम्पत्ति हो । लोकजीवनको सूत्रात्मक कथनलाई उखान मानिन्छ । लोकजीवनमा प्रचलनमा रहेका अर्थपूर्ण स-साना वाक्य उखान हुन् । यस्ता साना वाक्यहरूलाई मानव अनुभवको अमूल्य रत्नका रुपमा लिइन्छ । उखान मानव अनुभवको दीर्घकालीन ज्ञानबाट सिर्जित हुन्छन् । यिनले लोकजीवनको अनुभवद्वारा जनमानसलाई प्रभावित तथा उत्कर्षता प्रदान गर्दछन् । उखान सङ्क्षिप्त, सारगर्भित र प्रभावशाली हुन्छन् । लिङ्गका आधारमा नारी र पुरुषलाई हेर्ने सामाजिक दृष्टिकोण लैङ्गिकता हो । प्रचलित केही नेपाली उखानमा नारीलाई सम्मान गरेको पाइन्छ भने केहीमा अपमान गरेको पाइन्छ । त्यसैगरी केही नेपाली उखानमा पुरुषलाई सम्मान गरेको पाइन्छ भने केहीमा पुरुषलाई अपमान गरेको पाइन्छ । यसरी नेपाली समाजमा आदिकालदेखि नारी र पुरुषका बिचमा भएका सम्मान र अपमानका व्यवहारगत यथार्थ सूत्रका रुपमा उखानमा आएका हुन्छन् । लोकजीवनको यथार्थ धरातलमा रहेर भाषिक चमत्कार उत्पन्न गर्ने नेपाली उखानलाई लैङ्गिकतासँग जोडेर अध्ययन गर्ने काम प्रस्तुत आलेखमा गरिएको छ ।

नेपाली समाजमा विद्यमान यावत व्यवहारको यथार्थ चित्रण गर्नमा उखानको महत्वपूर्ण भूमिका रहेको हुन्छ । नेपाली उखानहरूको विविध कोणबाट अध्ययन भए पनि लैङ्गिकताका आधारमा व्यवस्थित अध्ययन भएको पाइँदैन । यही अभावको परिपूर्ति गर्न नेपाली उखानमा लैङ्गिकता केकस्तो छ ? भन्ने प्राज्ञिक समस्याको समाधानका लागि नेपाली उखानको लैङ्गिकताका आधारमा विश्लेषण गर्नु प्रस्तुत अध्ययनको उद्देश्य रहेको छ ।  लोकसाहित्य र शिष्टसाहित्य गरी साहित्यका दुई स्वरुप देखिन्छन् । लोकसाहित्यअन्तर्गत पर्ने उखानको अध्ययन प्रस्तुत आलेखको मुख्य क्षेत्र हो । नेपाली उखान हजारौं प्रकृतिका छन । यसमा नमुना छनोट विधि अवलम्बन गरी असीओटा नारी र पुरुषसँग सम्बद्ध उखानलाई अध्ययनको विषय बनाइएको छ । प्रस्तुत अध्ययनमा नारी र पुरुषसँग सम्बद्ध नेपाली उखानको लैङ्गिकताका आधारमा विश्लेषण गर्नु नै यसको सीमाङ्कन रहेको छ ।

## पूर्वकार्यको समीक्षा

लोकसाहित्यअन्तर्गत पर्ने एउटा महत्त्पूर्ण विधा उखान हो । नेपाली भाषामा प्रचलित उखान मानवीय अनुभवले भिजेका ज्ञानका भण्डार हुन् । उखानको भाषिक जगत्मा महत्त्वपूर्ण स्थान रहेको हुन्छ । लोकजीवनमा विद्यमान रहेका विविध नाता गोता र तिनका व्यवहारलाई उखानले केन्द्र बनाएको हुन्छ । नेपाली उखानहरूको पूर्वकार्यलाई कालक्रमिक रूपमा यहाँ प्रस्तुत गरिएको छ । वासुदेव अर्यालको *अर्थमूलक नेपाली उखान* (२०६४) कृतिमा नेपाली उखानहय्को अर्थ बताइएको छ । यसरी नै राममणि आचार्यको *उखान-संग्रह* (२०२७) कृतिमा वर्णानुक्रमका आधारमा नेपाली उखानहय्को सङ्कलन गरिएको पाइन्छ । यस्तै गरी रामचन्द्र ढुङ्गानाको *उखानको वखान* (२०४२) कृतिमा नेपाली उखानहय्को वर्णन गरिएको छ । यसरी नै नगेन्द्र शर्माको *उखेल्नु पर्ने उखानहरू* (२०४५) कृतिमा सामाजिक सद्भाव र एकता भङ्ग हुने खालका विभेदकारी नेपाली उखानहय्लाई प्रचलनमा हटाउनु पर्ने सन्दर्भ प्रस्तुत गरिएको छ । यस्तै गरी पुष्कर शमसेरको *नेपाल उखान-टुक्काको कोश* (२०५०) कृतिमा नेपाली उखानहय्को सङ्कलन गरिएको पाइन्छ । झमकप्रसाद शर्माको *नेपाली-अङ्ग्रेजी उखानकोश* (२०५७) कृतिमा नेपाली र अङ्ग्रेजी उखानहय्को सङ्कलन र त्यसको अर्थ बताइएको छ । चुडामणि बन्धुको *नेपाली लोकसाहित्य* (२०५८) कृतिमा उखानको परिचय, परिभाषा, वर्गीकरण गर्नुका साथै समग्र लोकसाहित्यको पहिचान गराइएको छ । हिराबहादुर खड्काको *नेपाली उखान-टुक्का* (२०६१) कृतिमा वर्णानुक्रमका आधारमा नेपाली उखान र टुक्काको सङ्कलन गरिएको छ । चण्डीप्रसाद घिमिरेको *नेपाली उखान, टुक्का र सिङ्गा शब्दहय्को सँगालो* (२०६८) कृतिमा नेपाली उखान, टुक्का  र सिङ्गा शब्दहय्को सङ्कलन गरिएको पाइन्छ । शिवप्रसाद पौड्यालको *नेपाली उखानका रचना सन्दर्भ* (२०६८) कृतिमा नेपाली उखानका  रचना सन्दर्भको परिचर्चा भएको पाइन्छ । टीकाराम पन्थीको 'प्रस्तुत सङ्ग्रहमाथि विहङ्गम दृष्टि' *नेपाली उखान सङ्ग्रह* (२०६९) कृतिभित्रको आलेखमा नेपाली उखानका बारेमा टिप्पणीमूलक चर्चा गरिएको छ । कृष्णप्रसाद पराजुलीको *नेपाली उखान र गाँउखाने कथा* (२०६९) कृतिमा लोकसाहित्यको समग्र पहिचानका साथै उखान र गाँउखाने कथाको परिचय, परिभाषा र वर्गीकरण गरिएको छ । यस्ता पुस्तकहय, विविध जर्नलहय्मा प्रकाशित आलेखहय्मा उखानको सª ्कलन र अर्थ बताइए पनि लैª ्गिक आधारमा अध्ययन भएको छैन । यदुनन्दन उपाध्यायको 'शैक्षिक सन्दर्भमा असामयिक नेपाली भाषाका उखानहय' ***समकालीन साहित्य*** (सन् २०१४) आलेखमा जातीय, लैङ्गिक, क्षेत्रीय तथा अपाङ्गताका क्षेत्रमा विभेद भएको प्रस्तुति पाइन्छ । प्रस्तुत आलेखमा केही उखानहय्ले समतामूलक भाव कायम राखेको बताइएको छ भने केही उखानहय्ले नेपाली समाजमा सद्भाव र एकता भङ्ग गरेको प्रस्तुति आएको छ । यस्ता सामाजिक सद्भाव र एकता भङ्ग गर्ने

प्रकृतिका विभेदकारी उखानहय्लाई व्यावहारिक प्रयोग र प्रचलनबाट हटाउनु पर्ने निष्कर्ष प्रस्तुत गरिएको छ । यसले प्रस्तुत अध्ययनका लागि सहयोगी भूमिका निर्वाह गरेको छ ।

लिङ्गका आधारमा नारी र पुरुषलाई हेर्ने अवधारणा नै लैङ्गिकता हो । लैङ्गिक समालोचनाले सैद्धान्तिक आधार स्थापना गरेको सन्दर्भमा यसैमा आधारित भई नेपाली उखानहय्को अध्ययन गर्नु प्रस्तुत आलेखको महत्त्वपूर्ण पक्ष हो । लैङ्गिकतालाई सामाजिक-सांस्कृतिक भूमिका मान्न सकिन्छ । लैङ्गिक विभेदकारी सामाजिक संरचनाभित्र जहाँ जसको बाहुल्यता छ त्यहाँ नारी र पुरुषका बिचमा एकले अर्कोलाई अधिकारशून्य अवस्था सिर्जना गर्नु नै लैङ्गिक विभेद हो । नारी र पुरुषका बिच लैङ्गिक शक्तिसम्बन्ध, भूमिका, सचेतना र प्रतिरोध सिर्जना हुन्छन् । लैङ्गिक अध्ययनभित्र लिङ्ग, नारीवाद, पितृसत्ता, यौनिकता, शरीर विभेद, दमन र शोषण, हिंसा र अधीनस्थता, लैङ्गिक सम्बन्ध, पहिचान जस्ता विषय समेटिएका हुन्छन् । नारी र पुरुषहरूमा लैङ्गिक सचेतनाका सिर्जना गरी लैङ्गिक विषमताको अन्त्य आवश्यक छ । नारी र पुरुषका शक्तिसम्बन्ध, लैङ्गिक भूमिका, सचेतना र प्रतिरोध लैङ्गिकताको अध्ययन विषय हो । नेपाली लोकजीवनमा विद्यमान रहेका बाबु-छोरा, आमा-छोरी, सासू-बुहारी, नन्द-भाउजू, दाजु-भाइ आदि नाता र तिनका विशेषतालाई उखानले आफ्नो विषय बनाएको हुन्छ । नेपाली उखानमा नारी र पुरुषका बारेमा सकारात्मक र नकारात्मक चिन्तनले प्रवेश पाएको पाइन्छ । नेपाली समाजले नारी र पुरुषलाई हेर्ने दृष्टिकोण उखानमार्फत प्रस्तुत गरिएको छ । नेपाली उखानका विषयमा विविध कोणबाट अध्ययन भएका छन् । त्यस्ता अध्ययनले लैङ्गिकताका आधारमा नारी र पुरुषलाई सम्मान एवम् अपमानको विश्लेषणलाई परिपूर्ति सक्दैनन् । त्यसैले उखानको लैङ्गिकताका आधारमा विश्लेषण गर्नु आफैमा महत्वपूर्ण कार्य हो । नेपाली उखानको लैङ्गिकताका आधारमा अध्ययन नभएको कुरा पत्ता लगाउनु नै पूर्वकार्यको समीक्षाको महत्त्वपूर्ण पक्ष हो । यसर्थ यही अभावपूर्तिका लागि प्रस्तुत अध्ययन गरिएको छ ।

## अध्ययनकोविधि

प्रस्तुत अध्ययन नेपाली उखानमा लैङ्गिकतामा केन्द्रित रहेको छ । लैङ्गिकताले लोकजीवनमा आधारित लोकोक्तिको विश्लेषण गर्ने महत्त्वपूर्ण आधार प्रस्तुत गरेको सन्दर्भमा तिनै आधारमा केन्द्रित भई नेपाली उखानको विश्लेषण गरिएको छ । प्रस्तुत आलेखमा नेपाली लोकजीवनमा विद्यमान हजारौं उखानलाई मूलस्रोत र नारी र पुरुषसँग सम्बद्ध प्रचलित असीओटा उखानलाई नमुना छनोट गरी प्राज्ञिक समस्याको समाधानात्मक सोद्देश्य परिपूर्तिका लागि पुस्तकालयीय अध्ययनकार्य गरी पाठ्यपुस्तक तथा सन्दर्भपुस्तकबाट टिपोट गरिएका सामग्रीको लैङ्गिकताका आधारमा विश्लेषण गरिएको छ । प्रस्तुत अध्ययनमा लैङ्गिकताअन्तर्गत नारीसम्मान र अपमान तथा पुरुषसम्मान र अपमानलाई आधार बनाइएको छ । लैङ्गिकतामा आधारित असीओटा उखानको निगमनात्मक विधिअनुरुप विश्लेषण गरी निष्कर्ष दिइएको छ ।

## सैद्धान्तिक पर्याधार

लोकजीवनको अनुभवबाट निर्मित अर्थपूर्ण साना वाक्य उखान हुन् । यस्ता साना वाक्यलाई अनुभवको अमूल्य रत्न मानिन्छ । यसको सिर्जना दीर्घकालीन ज्ञानबाट भएको हुन्छ । यसले लोकजीवनको अनुभवद्वारा जनमानसलाई प्रभावित तथा उत्कर्षता प्रदान गर्दछ । उखान सङ्क्षिप्त, सारगर्भित र प्रभावशाली हुन्छ । लोकजीवनको सूत्रात्मक कथन उखान हो । यसलाई लोकजीवनको मानवकोश मानिन्छ । उखानमा थोरैमा धेरै कुरा बताउन सक्ने सामर्थ्य हुन्छ । यसले समाजको वास्तविक चित्र उतार्छ । त्यसकारण उखानले समाजमा ऐनाको काम गरेको हुन्छ" (अर्याल, २०६४, पृ.४-६) । लोकजीवनको यथार्थ प्रस्तुति उखानमा भएको हुन्छ । यसले समाजमा विद्यमान मानवीय जीवनशैलीलाई उजागर गरेको हुन्छ । विविध प्रकृतिका उखानहय समाजमा विद्यमान रहेका हुन्छन् । एउटा काम हुँदा अर्को काम हुनुलाई उखान मानिन्छ (शमसेर, २०५०, पृ.८) । उखानको पहिलो स्वरुपले अर्को स्वरुप सिर्जना गरेको हुन्छ । यसले आफैंमा पूर्ण वाक्यको भूमिका निर्वाह गर्दछ । उखानमा गागरमा सागर अटाउन सक्ने क्षमता हुन्छ । नेपाली उखानहरू नेपाली जीवनका मौलिक सिर्जना हुन् । उखानका कथ्य, शैली र उद्देश्य गरी तीन तत्त्व रहेका छन्" (बन्धु, २०५८, पृ.३३४) । कथ्य भनेको उखानको भाव, शैली भनेको तरिका र उद्देश्य भनेको दिन खोजेको कुरा हो । उखान संसारका सबै भाषाका अलङ्कार हुन् । यिनीहय संसारका सबै भाषामा पाइन्छन् । उखानले जीवनशैलीलाई बुझ्न मद्दत गर्दछन् । नेपाली उखान लोकजीवनकै परिवेशबाट सिर्जिएका जनजीवनका यथार्थ रूप हुन् ।

लिङ्गका आधारमा नारी र पुरुषलाई हेर्ने अवधारणा नै लैङ्गिकता हो । लैङ्गिकतालाई नारी र पुरुषको शारीरिक विशेषताका आधारमा गरिने व्यावहारका रूपमा लिइन्छ । लैङ्गिक शक्तिसम्बन्ध, भूमिका, सचेतना र प्रतिरोध जस्ता नारीसम्मान र अपमान तथा पुरुषसम्मान र अपमानका आधारमा नेपाली उखानहरूको विश्लेषण गरिएको छ । प्रस्तुत अध्ययन नेपाली उखानमा लैङ्गिकतामा केन्द्रित रहेको छ । लैङ्गिकता शारीरिक भिन्नताको आधारमा नारी र पुरुषले गर्ने कामको बाँडफाँड, उनीहरूका बिचको शक्तिसम्बन्ध र सामाजिक-सांस्कृतिक मान्यता हो । लैङ्गिकताको जन्म विश्वजगत्मा नारी र पुरुषको शारीरिक संरचनाका आधारमा गरिने विभेदका विरुद्ध थालिएको हो । लैङ्गिकता नारी र पुरुषका बिचमा देखिने विभेदकारी धारणा हो । लैङ्गिकताले नारी, पुरुष र लैङ्गिक विभेदको विषयमा अध्ययन गर्दछ । लैङ्गिक आधारमा कसैले पनि उखानको

अध्ययन गरेको देखिँदैन । यसका आधारमा उखानको अध्ययन गर्नु प्रस्तुत अध्ययनको नवीन पक्ष हो । नेपाली उखानमा लैङ्गिकताको अध्ययन गर्दा नारीसम्मान र अपमान तथा पुरुषसम्मान र अपमानका आधारमा अध्ययन गर्न सकिन्छ । यसैलाई प्रस्तुत अध्ययनको नवीन पक्षका रुपमा लिइएको छ । प्रस्तुत आलेखमा यही लैङ्गिकतासम्बन्धी नवीन पक्षमा आधारित भई नमुना छनोटमा परेका असीओटा नेपाली उखानको विश्लेषण गरी निष्कर्ष दिइएको छ ।

## लैङ्गिकताका आधारमा नेपाली उखानको विश्लेषण

उखानलाई लोकसाहित्यअन्तर्गतको महत्त्वपूर्ण विधा मानिन्छ । यसले समाजको यथार्थ चित्रण गरेर भाषालाई जीवन्तता प्रदान गर्दछ । प्रस्तुत आलेखको लागि विश्लेष्य सामग्रीका रुपमा विविध स्रोतबाट असीओटा उखानहरु सङ्कलन गरिएको छ । नेपाली लोकजीवनमा आधारित नारीसम्मान र अपमानका उखानहरु यस प्रकार रहेका छन् : 'अरुको लाख, आमाको काख', 'जहाँ स्त्री उही श्री', 'पोले पनि घामै जाती, पिटे पनि आमै जाती', 'आमाले काटेको र बाबुले चाटेको', 'लठ्ठी टेके भर हुन्छ, स्वास्नी ल्याए घर हुन्छ', 'लोग्ने मान्छेले आँटे वर्ष दिन, स्वास्नी मान्छेले आँटे एकछिन', 'सासू नै नभए के ससुराली, नाफा नै नभए के व्यापारी', 'दुलहीलाई रातो, सुत्केरीलाई तातो', 'आमा छउन्जेल माइती', 'छोरी भए ज्वाइँ कतिकति', 'आयुको छोरीलाई वायुले खादैनन्', 'डराएर डर जाँदैन, रोएर स्वास्नी पाइँदैन', 'राजा देखे डर हराउने, आमा देखे भोक हराउने', 'आँटी छोरीसँग बाघ डराउँछ', 'जसको जोई छैन, उसको कोही छैन', 'दूध नभएर मीठो खाएँ भन्नु र स्वास्नी नभएर सुख गरेँ भन्नु एउटै हो', 'छोरीको जन्म हारेको कर्म', 'छोरो जन्मे हर्ष छोरी जन्मे तर्क', 'छोरो पाल्नू सहरमा, छोरी पाल्नू कुनामा', 'छोरालाई कापी, छोरीलाई आँसी', 'पोथी बासेको राम्रो हुँदैन', 'छोरी कुटी बुहारी तर्साउने', 'छोरा पाए खसी, छोरी पाए फर्सी', 'छोरी मान्छे आमा बाबुका अस्थायी सदस्य', 'पराईकी छोरी कहिल्यै आफ्नी हुन्न', 'पोइला जाने नानी नक्कल मात्र पार्छिन्', 'छोरा पाए उज्यालो, छोरी पाए अँध्यारो', 'छोरा बढे भर, छोरी बढे डर', 'छोरीले घर खानु, छोराले देश खानू', 'ठूलो गाँस नहाल बुहारी, कण्ठश्री छिन्ला', 'भाग्यमानीका छोरा धरै अभागीका छोरी धेरै', 'झगडिया स्वास्नी काँउसोको माला', 'भैँसीलाई वन न देखाउनू, 'छोरीको कमाइ खोलामा, छोराको कमाइ झोलामा', 'आइमाई गुनी कहिल्यै हुँदिन', 'रुद्रघण्टी नभएको जात', 'राम्रो खान लाउन त छोरो भएर जन्मिन्थिस्', 'कमारी र पित्ले थाल बिटुलो हुँदैन', 'आइमाईको रूपै शत्रु रूपै मित्रु', 'उत्ताउली गाई, बाघले खाई', 'अलमल गोत्र, आमा एकै बाबु सत्र', 'पतिव्रता द्रौपदीका सातओटा पोइ' जस्ता उखानहरुलाई प्रस्तुत आलेखमा विश्लेष्य समग्री बनाइएको छ ।

नेपाली लोकजीवनमा आधारित पुरुषसम्मान र अपमानका उखानहरु यस प्रकार रहेका छन् : 'ढिलो होस्, छोरो होस्', 'छोरो जन्मे हर्ष, छोरी जन्मे तर्क', 'छोरो पाए उज्यालो, छोरी पाए अँध्यारो', 'छोरो पाउनु कहिले कहिले, भोटो सिउनु अहिले', 'असल छोरो कूलको नक्षत्र', 'छोरीले घर खानू, छोराले देश खानू', 'छोरालाई धन, छोरीलाई वन', 'छोरी बढे डर, छोरा बढे भर', 'जसका छोरा उसको धन, जसका भैँसी उसका वन', 'छोरी पढे अर्काको भलो, छोरा पढे आफ्नो भलो', 'छोरालाई कापी, छोरीलाई आँसी', 'छोरालाई काम्लो, छोरीलाई नाम्लो', 'असीको खसी, साठीको पाठी', 'आयुको छोरालाई, वायुले खाँदैन', 'लक्का छोरालाई, के को धक्का', 'आँटी छोरालाई, बाघले खाँदैन', 'लोग्ने छोराले आँटे भित्ता फोर्छ', 'विना बादलको पानी र विना बाबुको छोरो हुँदैन', 'दाल कि खान्छ छोराले, कि खान्छ घोडाले', 'भाग्यमानीका छोरा धेरै, अभागीका छोरी धेरै', 'कुलको जेठो छोरो, पिण्डपानीको दाता', 'स्वास्नीको सिँगार लोग्ने', 'बास्नादार फूल एउटैले वन बसाउँछ, सपूत छोरो एउटैले कुल जगाउँछ', 'लोग्ने मानिस वोक्सी हुँदैनन्', 'सधाएको छोरो र बिराएको गरो खेर जाँदैन', 'मर्दका सयवटी', 'हुपहारा छोरो, रूपहारा छोरी', 'सपूत भए छोरो, कपूत भए मोरो', 'आमाले काटेको र बाबुले चाटेको', 'रिन काढ्ने बाबु छोराको बैरी, मुर्ख छोरो बाबुको बैरी', 'लोग्ने मान्छेले आँटे वर्ष दिन, स्वास्नी मान्छेले आँटे एकै छिन', 'जारी गर्ने पुरुष छेपारोदेखि तर्सन्छ', 'मरे सासूको छोरो, बाँचे मेरो लोग्ने', 'माथ्लाघरे जेठाजुका टाट्नाभरि खसी, हाम्रा घरका सिल्लिङ्गेको हिउँद गयो बसी', 'जिउँदो बाबुलाई घर न डेरा, मरेको बाबुलाई दूध र केरा', 'दिनदिनै आउने ज्वाइँलाई, हाली देओन गुन्द्री', 'नहुने छोराको गन्हाउने मुख', 'पोइ पर्‍यो अलपत्र, जोईको भयो सत्र' जस्ता उखानहरुलाई प्रस्तुत आलेखमा विश्लेष्य समग्री बनाइएको छ ।

प्रस्तुत आलेखमा विश्लेष्य समग्री बनाइएका माथि उल्लिखित उखानहरु वासुदेव अर्यालको *अर्थमूलक नेपाली उखान* (२०६४), राममणि आचार्यको *उखान-संग्रह* (२०२७), रामचन्द्र ढुङ्गानाको *उखानको वखान* (२०४२), नगेन्द्र शर्माको *उखेल्नु पर्ने उखानहरू* (२०४५), पुष्कर शमसेरको *नेपाल उखान-टुक्काको कोश* (२०५०), झमकप्रसाद शर्माको *नेपाली-अङ्ग्रेजी उखानकोश* (२०५७), चुडामणि बन्धुको *नेपाली लोकसाहित्य* (२०५८), हिराबहादुर खड्काको *नेपाली उखान-टुक्का* (२०६१), चण्डीप्रसाद घिमिरेको *नेपाली उखान, टुक्का र सिङ्गा शब्दहरुको सँगालो* (२०६८), शिवप्रसाद पौड्यालको *नेपाली उखानका रचना सन्दर्भ* (२०६८), टीकाराम पन्थीको 'प्रस्तुत सङ्ग्रहमाथि विहङ्गम दृष्टि' *नेपाली उखान सङ्ग्रह* (२०६९), कृष्णप्रसाद पराजुलीको *नेपाली उखान र गाँउखाने कथा* (२०६९), यदुनन्दन उपाध्यायको 'शैक्षिक सन्दर्भमा असामयिक नेपाली भाषाका उखानहरु' *समकालीन साहित्य* (सन् २०१४) जस्ता पुस्तकहरु, विविध जर्नलहरुमा प्रकाशित आलेखहरु तथा लोकजीवनमा मौखिक रुपमा सुनेका र समाजमा प्रचलनमा रहेका उखानहरु टिपोट गरी प्रस्तुत आलेखमा लैङ्गिकताअन्तर्गत नारीसम्मान र अपमान तथा पुरुषसम्मान र अपमानका

आधारमा विश्लेषण गरिएको छ ।

**नारीसम्मानका नेपाली उखानको विश्लेषण**

नेपाली लोकजीवनमा आधारित नारीसम्मानका अठारओटा उखान लैङ्गिकताका दृष्टिले विश्लेषणीय रहेका छन् । नेपाली समाज परापूर्वकालदेखि नै पुरुषप्रधान रहिआए पनि नारीलाई सम्मानका साथ उत्साहित गरेका उखानहरू लोकजीवनमा आएका छन् । वास्तवमा असल परिवार एवम् सभ्य समाज निर्माणमा नारी र पुरुषको समान भूमिका रहेको हुन्छ । यसमा पनि राम्रोसँग परिवार चलाउन, नयाँ सदस्यलाई शिक्षादीक्षा एवम् असल संस्कार दिन पुरुषको भन्दा नारीको भूमिका रहन्छ । परिवारमा आमा शिक्षित भएमा सबै सदस्य शिक्षित बन्न सक्छन् । परिवारका सदस्यको लागि प्रथम गुरु आमा नै हुन् । तसर्थ परिवारका हरेक सदस्यलाई जन्मदिने आमा सबैभन्दा प्यारो लाग्दछ । यसै सन्दर्भमा 'अरुको लाख, आमाको काख' भन्ने नेपाली उखान आएको पाइन्छ । यसले अन्यत्रबाट जतिसुकै सुख प्राप्ति भए पनि आमाको काख जस्तो प्यारो हुन नसक्ने सन्देश दिएको छ । यसरी नै 'जहाँ स्त्री उही श्री' उखानमा नारीलाई गृहलक्ष्मीका रूपमा लिइएको छ । यस्तै गरी 'बाबु मरे आधा टुहुरो, आमा मरे पुरै' उखानले परिवारमा बाबु भन्दा आमाको स्थान उच्च रहेको कुरालाई स्पष्ट पारेको छ । नेपाली समाजमा सूर्यको प्रकाश घाम र जन्म दिने आमा कल्याणका प्रतिमूर्ति भएको सन्दर्भ 'पोले पनि घामै जाती, पिटे पनि आमै जाती' उखानले घाम र आमाको गुणवत व्याावहारलाई उजागर गरेको छ । यसै सन्दर्भमा 'आमाले काटेको र बाबुले चाटेको' उखानले बाबुको जतिसुकै हेरविचार भए पनि छोराछोरीका निम्ति बाबुभन्दा आमा नै प्यारो हुने कुरा स्पष्ट हुन्छ । यसरी नै नारी र पुरुष एक रथका दुई पाङ्ग्रा भएको सन्दर्भ 'लठ्ठी टेके भर हुन्छ, स्वास्नी ल्याए घर हुन्छ' उखानले पुष्टि गरेको छ । यस्तै गरी नारीमा भएको विवेकलाई 'जान्ने बुहारीलाई बाटो छोड् भन्नु पर्दैन' उखानले स्पष्ट पारेको छ । माथिका उखानले समाजमा नारीको भूमिका उच्चस्थानमा रहेको पुष्टि गरेका छन् ।

नेपाली समाजमा कुनै पनि कार्य छरितो रुपमा फत्ते गर्न नारीवर्ग सक्षम रहेको सन्दर्भ 'लोग्ने मान्छेले आँटे वर्ष दिन, स्वास्नी मान्छेले आँटे एकछिन' उखानले दिएको छ । यसले नारीवर्ग कामलाई गति प्रदान गर्न सफल रहेको कुरा स्पष्ट हुन्छ । यसरी नै नाफा नहुने व्यापार र सासूरहित ससुराली अर्थहीन हुने सन्दर्भ 'सासू नै नभए के ससुराली, नाफा नै नभए के व्यापारी' उखानले दिएको छ । यस्तै गरी दुलहीलाई रातो र सुत्केरीलाई तातोको आवश्यकता पर्ने सन्दर्भ 'दुलहीलाई रातो, सुत्केरीलाई तातो' उखानले दिएको छ । त्यस्तै विवाहिता नारीलाई माइतमा आमा हुँदा विशेष चाख हुने सन्दर्भ 'आमा छउन्जेल माइती' उखानले दिएको छ । यसरी नै असल छोरीलाई ज्वाइँ खोज्न नपर्ने सन्दर्भ 'छोरी भए ज्वाइँ कतिकति ?' उखानमा आएको छ । यस्तै गरी सक्षम छोरी आइपर्ने समस्यासँग जुध्न सक्ने सन्दर्भ 'आयुको छोरीलाई वायुले खादैनन्' उखानले वकालत गरेको छ । यसरी नै समस्यादेखि तर्सेर डर नभाग्ने सन्दर्भ 'डराएर डर जाँदैन, रोएर स्वास्नी पाइँदैन' उखानमा आएको छ । माथिका उखानले समाजमा नारीलाई सङ्घर्षको प्रतिमूर्ति एवम् सिर्जनाको खानीका रुपमा उच्चसम्मान दिएको पुष्टि हुन्छ ।

नेपाली लोकजीवनमा राजाको सान्निध्यले डर र आमाको सामीप्यले भोक हराउने सन्दर्भ 'राजा देखे डर हराउने, आमा देखे भोक हराउने' उखानले दिएको पाइन्छ । यसले आमालाई सन्तोष र सुखप्राप्तिको प्रर्तिमूर्ति र रक्षकलाई डर हराउने वस्तुका य्पमा लिइएको छ । यसरी नै नारीलाई अदम्य साहस भएको देवीका य्पमा लिइएको सन्दर्भ 'आँटी छोरीसँग बाघ डराउँछ' उखानले देखाएको छ । यस्तै गरी गृहस्थी जीवनमा नारीको आवश्यकताको सन्दर्भ 'जसको जोई छैन, उसको कोही छैन' उखानले प्रष्ट गरेको छ । यसले नारी नभएकासँग इष्ट पनि नहुने कुराको पुष्टि गरेको छ । यसरी नै जीवनको मुख्य कुरा नारी भएको सन्दर्भ 'दूध नभएर मीठो खाएँ भन्नु र स्वास्नी नभएर सुख गरेँ भन्नु एउटै हो' उखानले दिएको छ । यसले गृहस्थी जीवनको मूल आधार नै नारीलाई मानेको देखिन्छ ।

माथिका उल्लिखित उखानको विश्लेषणबाट प्राप्त निचोड नेपाली लोकजीवनमा नारीलाई विशेष प्राथमिकतामा राखेको पाइन्छ । प्रस्तुत उखानले नारीविनाको सृष्टि असम्भव रहेको पुष्टि गरेका छन् । लोकजीवनका अधिकांश उखानले नारीलाई विशेष महत्त्व दिएर सम्मानभाव प्रकट गरेका छन् । यसर्थ लैङ्गिकताका आधारमा लोकजीवनमा प्रचलित एकाध घटनाबाहेक नारीसम्मानका दृष्टिले पुरुषको महत्त्वपूर्ण हात रहेको स्पष्ट हुन्छ ।

**नारीअपमानका नेपाली उखानको विश्लेषण**

नेपाली लोकजीवनमा आधारित नारीअपमानका पच्चिसओटा उखान लैङ्गिकताका दृष्टिले विश्लेषणीय रहेका छन् । पुरुषप्रधान नेपाली समाजमा नारीअपमानका प्रसस्त उखानहरू आएका छन् । नेपाली समाजमा छोरी जन्मनु चिन्ताको विषय बनेको सन्दर्भ 'छोरीको जन्म हारेको कर्म' उखानले नारीलाई अपमान गरेको छ । यसरी नै परिवारमा छोरी जन्मदा अनेक तर्क पैदा हुने सन्दर्भ 'छोरो जन्मे हर्ष छोरी जन्मे तर्क' उखानले नारीप्रति अपमान गरेको छ । त्यसैगरी छोरीको लालनपालनको सन्दर्भ 'छोरो पाल्नू सहरमा, छोरी पाल्नू कुनामा' उखानले नारीलाई अपमान गरेको पाइन्छ । यसरी नै नेपाली समाजमा छोरीको शिक्षाको सन्दर्भ 'छोरालाई कापी, छोरीलाई आँसी' उखानले नारीप्रति अपमान गरेको देखिन्छ । यस्तै गरी नेपाली समाजमा विद्यमान पारिवारिक मामलाको सन्दर्भ 'पोथी बासेको राम्रो हुँदैन' उखानले नारीका आवाजमा बन्देज लगाएको छ । यसरी नै बुहारीलाई अनुशासनमा राख्न छोरीलाई प्रयोग गरेको सन्दर्भ 'छोरी कुटी बुहारी तर्साउने' उखानले नारीप्रति अपमान गरिएको छ ।

यस्तै गरी परिवारमा छोरी जन्माउने नारीप्रतिको सन्दर्भ 'छोरा पाए खसी, छोरी पाए फर्सी' उखानले नारीलाई अपमान गरेको छ । यसरी नै छोरी अर्काको घरमा जाने हुँदा लाभ नहुने सन्दर्भ 'छोरी मान्छे आमा बाबुका अस्थायी सदस्य' उखानले नारीलाई अपमान गरिएको छ । यसैगरी बुहारी अर्काको छोरी भएको सन्दर्भ 'पराईकी छोरी कहिल्यै आफ्नी हुन्न' उखानले नारीप्रति हेयभाव प्रकट गरिएको छ । यसरी नारीजाति जन्मघर एवम् कर्मघर दुबैबाट पीडित भएको सन्दर्भलाई उखानले उजागर गरेका छन् । यस्ता सन्दर्भका उखानले लैङ्गिक विभेद गरेको पाइन्छ ।

नेपाली लोकजीवनमा नारीयौवनको प्राकृतिक प्रक्रियालाई स्वीकार नगरेको सन्दर्भ 'पोइला जाने नानी नक्कल मात्र पार्छिन्' उखानले नारीलाई अपमान गरेको छ । त्यसैगरी परिवारमा छोरा जन्मे पूर्णिमाको रात र छोरी जन्मे औंशीको रात सम्झने सन्दर्भ 'छोरा पाए उज्यालो, छोरी पाए अँध्यारो' उखानले नारीप्रति अपमान गरिएको छ । यसरी नै छोरो बढेमा भर र छोरी बढेमा डर हुने सन्दर्भ 'छोरा बढे भर, छोरी बढे डर' उखानले नारीप्रति हेयभाव राखिएको छ । यस्तै गरी छोरीलाई सीमित घेरामा राखिएको सन्दर्भ 'छोरीले घर खानु, छोराले देश खानू' उखानले नारीलाई अपमान गरिएको छ । यसरी नै बुहारीप्रति लाञ्छना लगाइएको सन्दर्भ 'ठूलो गाँस नहाल बुहारी, कण्ठश्री छिन्ला' उखानले नारीप्रतिको हेयभाव प्रकट गरेको छ । यस्तै गरी छोरी धेरै हुनुलाई दुर्भाग्य ठानिएको सन्दर्भ 'भाग्यमानीका छोरा धरै अभागीका छोरी धेरै' उखानले नारीप्रति अपमान गरेको देखिन्छ । यसरी नै नारीप्रतिको दोषारोपणको सन्दर्भ 'झगडिया स्वास्नी काँउसोको माला' उखानले नारीलाई होच्याएको पाइन्छ । यस्तै गरी नारीलाई आर्थिक मामलाबाट टाढा राख्ने सन्दर्भ 'भैसीलाई वन न देखाउनु, छोरीलाई धन नदेखाउनू' उखानले नारीप्रति अपमान गरेको छ । नेपाली समाजमा विद्यमान यस्ता उखानहरूले नारीप्रति लैङ्गिक विभेद गरेका छन् ।

नेपाली समाजमा छोरीको आम्दानीलाई महत्त्व नदिएको सन्दर्भ 'छोरीको कमाइ खोलामा, छोराको कमाइ झोलामा' उखानले नारीप्रति हेयभाव राखेको पाइन्छ । यसरी नै नारीलाई  बैगुनी देख्ने सन्दर्भ 'आइमाई गुनी कहिल्यै हुँदिन' उखानले नारीलाई अपमान गरेको छ । यस्तै गरी नारीमा गोपनीय नभएको सन्दर्भ 'रुद्रघण्टी नभएको जात' उखानले नारीलाई तुच्छ तुल्याइएको छ । यसरी नै गुणस्तर खानाको सन्दर्भ 'राम्रो खान लाउन त छोरो भएर जन्मिन्थिस्' उखानले नारीलाई निम्नस्थानमा राखी अपमान गरेको पाइन्छ । यस्तै गरी नारीप्रतिको असमान व्यवहारको सन्दर्भ 'कमारी र पित्ले थाल बिटुलो हुँदैन' उखानले नारीलाई अपमान गरिएको छ । यसरी नै नारीसौन्दर्य र स्वतन्त्रताको विषयमा आएको नराम्रो प्रतिक्रियाको सन्दर्भ 'आइमाईको रूपै शत्रु रूपै मित्रु' र 'उत्ताउली गाई, बाघले खाई' उखानहरुले नारीप्रति अपमान गरेका छन् । यस्तै गरी नारीयौवनका सन्दर्भ 'अलमल गोत्र, आमा एकै बाबु सत्र' र 'पतिव्रता द्रौपदीका सातओटा पोइ' उखानहरुले नारीप्रति अत्यन्त नीच दृष्टिकोण राखेको पाइन्छ । नेपाली समाजमा विद्यमान यस्ता सन्दर्भका उखानहरुले नारीप्रति लैङ्गिक विभेद गरेका छन् ।

माथिका उल्लिखित उखानको विश्लेषणबाट प्राप्त निचोड नेपाली समाजमा नारीलाई जन्मदेखि कर्म हुँदै मुत्युसम्म पनि अपमानित हुनुमा एकाध घट्नाबाहेक नारी कै हात रहेको पाइन्छ । नेपाली लोकजीवनमा विद्यमान यस्ता सन्दर्भका उखानहरुले नारीप्रति लैङ्गिक विभेद गरेका छन् । नेपाली समाजमा भएका व्यवहारलाई हेर्दा नारीवर्ग लैङ्गिक विभेदपूर्ण जीवन जिउन बाध्य रहेको प्रस्तुत अध्ययनबाट स्पष्ट हुन्छ ।

**पुरुषसम्मानका नेपाली उखानको विश्लेषण**

नेपाली लोकजीवनमा आधारित पुरुषसम्मानका पच्चिसओटा उखान लैङ्गिकताका दृष्टिले विश्लेषणीय रहेका छन् । समाजमा प्रचलित अधिकांश उखानहरूले पुरुषप्रति सम्मान प्रकट गरेको पाइन्छ । लोकजीवनमा पुरुषको जन्मलाई अर्थपूर्ण मानिएका सन्दर्भ 'ढिलो होस्, छोरो होस्', 'छोरो जन्मे हर्ष, छोरी जन्मे तर्क', 'छोरो पाए उज्यालो, छोरी पाए अँध्यारो', 'छोरो पाउनु कहिले कहिले, भोटो सिउनु अहिले', 'असल छोरो कूलको नक्षत्र' जस्ता उखानहरूले सम्मान गरेका छन् । नेपाली समाजमा विद्यमान विविध सन्दर्भका यस्ता उखानहरुले पुरुषवर्गलाई महत्त्व दिँदै उच्चसम्मान प्रकट गरेको देखिन्छ । यसरी नै छोरामा राष्ट्रको समुन्नति गर्ने क्षमता भएको सन्दर्भ 'छोरीले घर खानू, छोराले देश खानू' र 'छोरालाई धन, छोरीलाई वन' जस्ता उखानले प्रकट गरेका छन् । लोकजीवनमा विद्यमान यस्ता आर्थिक पक्ष तथा विकासशील सन्दर्भले पुरुषप्रति सम्मान गरेको देखिन्छ । यस्तै गरी विश्वासको सन्दर्भ 'छोरी बढे डर, छोरा बढे भर' उखानले पुरुषप्रति सम्मान दर्साएको छ । नेपाली लोकजीवनमा व्याप्त पुरुषसम्मानका यस्ता उखानहरुले नारीप्रति लैङ्गिक विभेद दर्साएका छन् ।

नेपाली समाजमा छोराछोराको जन्मलाई सम्पन्नता सङ्केत भएको सन्दर्भ 'जसका छोरा उसको धन, जसका भैँसी उसका वन' उखानले पुरुषप्रति सम्मान प्रकट गरेको छ । यसरी नै नेपाली लोकजीवनमा छोराप्रतिको दृष्टिकोणको सन्दर्भ 'छोरी पढे अर्काको भलो, छोरा पढे आफ्नो भलो', 'छोरालाई कापी, छोरीलाई आँसी' जस्ता उखानहरूले पुरुषप्रति सम्मान गरेका छन् । यस्ता उखानहरुले लैङ्गिक विभेद गरेका छन् । यस्तै गरी छोरालाई सुखसुविधा दिनुपर्ने सन्दर्भ 'छोरालाई काम्लो, छोरीलाई नाम्लो' उखानले भनेर पुरुषलाई महत्त्व दिएको छ । यसरी नै नारीको दाँजोमा पुरुषलाई बढावा दिएको सन्दर्भ 'असीको खसी, साठीको पाठी' उखानले प्रस्ट पारेको छ । यस्तै गरी सक्षम पुरुषले समस्यालाई समाधान गर्नसक्ने सन्दर्भ 'आयुको छोरालाई, वायुले खाँदैन', 'लक्का छोरालाई, के को धक्का', 'आँटी छोरालाई, बाघले खाँदैन' जस्ता उखानहरूले पुरुषप्रति सम्मानभाव प्रकट गरेका छन् । पुरुषसम्मानका यस्ता उखानहरुले नारीप्रति लैङ्गिक विभेद गरेका छन् ।

नेपाली लोकजीवनमा असहज परिस्थितिलाई पनि सहज बनाउने सन्दर्भ 'लोग्ने छोराले आँटे भित्ता फोर्छ' उखानले पुरुषसम्मानमा जोड दिएको छ । यसरी नै पुरुषको भूमिको सन्दर्भ 'विना बादलको पानी र विना बाबुको छोरो हुँदैन' उखानले पुरुषलाई विशेष स्थान दिएको छ । यस्तै गरी शक्तिवर्धक खानाको सन्दर्भ 'दाल कि खान्छ छोराले, कि खान्छ घोडाले' उखानले पुरुषलाई सम्मान गरेको पाइन्छ । यसरी नै भाग्योदयको सन्दर्भ 'भाग्यमानीका छोरा धेरै, अभागीका छोरी धेरै' उखानले पुरुषलाई उच्च स्थान दिएको छ । यस्तै गरी पितृलाई पिण्डपानी चलाउन छोराको आवश्यकता पर्ने सन्दर्भ 'कुलको जेठो छोरो, पिण्डपानीको दाता' उखानले पुरुषलाई दिएको छ । यसरी नै नारीको श्रृङ्गार श्रीमान भएको सन्दर्भ 'स्वास्नीको सिँगार लोग्ने' उखानले पुरुषलाई नै स्थान दिएको छ । यस्तै गरी सामाजिक वास्ना र कुल जगाउन असल छोराको आवश्यकता पर्ने सन्दर्भ 'बास्नादार फूल एउटैले वन बसाउँछ, सपूत छोरो एउटैले कुल जगाउँछ' उखानले पुरुषलाई सम्मान गरेको देखिन्छ । यसरी नै नेपाली समाजमा प्रचलित बोक्सी या भूतप्रेतको बास पुरुषमा नहुने सन्दर्भ 'लोग्ने मानिस वोक्सी हुँदैनन्' उखानले पुरुषवर्गलाई सम्मान गरेको पाइन्छ । त्यस्तै गरी छोरालाई सघाउनु आवश्यक रहेको सन्दर्भ 'सधाएको छोरो र बिराएको गरो खेर जाँदैन' उखानले पुरुषलाई नै महत्त्व दिइएको छ । यस्तै गरी पुरुषमा रहेको क्षमताको सन्दर्भ 'मर्दका सयवटी' उखानले पुरुषलाई विशेष स्थान दिइएको छ ।

माथिका उल्लिखित उखानको विश्लेषणबाट प्राप्त निचोड नेपाली लोकजीवनमा घटित एकाध घट्नाबाहेक पुरुषप्रति नारीले नै सम्मानभाव प्रकट गरेको स्पष्ट हुन्छ । यस्ता उखानले पुरुषलाई नै उच्चस्थान दिएका छन् । नेपाली लोकजीवनमा प्रचलित अधिकांश उखानले पुरुषलाई सम्मान गरेको स्पष्ट हुन्छ ।

**पुरुषअपमानका नेपाली उखानको विश्लेषण**

नेपाली लोकजीवनमा आधारित पुरुषअपमानका बाह्रओटा उखान लैङ्गिकताका दृष्टिले विश्लेषणीय रहेका छन् । नेपाली समाजमा विद्यमान रहेका कतिपय उखानले पुरुषलाई अपमान गरेको पाइन्छ । नेपाली समाजको यथार्थ चित्रणमा आएका 'हुपहारा छोरो, रूपहारा छोरी' र 'सपूत भए छोरो, कपूत भए मोरो' उखानले पुरुषप्रति हेयभाव राखेका छन् । यस्ता उखानले पुरुषवर्गलाई उसको गुणका आधारमा राम्रो र नराम्रो दर्जामा राख्ने प्रचलन समाजमा विद्यमान रहेको देखाइएको छ । यसरी नै पुरुषलाई निम्न कोटीमा दर्ज गर्ने सन्दर्भ 'आमाले काटेको र बाबुले चाटेको' र 'रिन काढ्ने बाबु छोराको बैरी, मुर्ख छोरो बाबुको बैरी' उखानले स्पष्ट पारेको पाइन्छ । यस्ता उखानहरुले पुरुषलाई अपमान गरेको पुष्टि हुन्छ । प्रस्तुत उखानहरुले पुरुषप्रति लैङ्गिक विभेद गरेका छन् ।

नेपाली समाजमा विद्यमान रहेको विचार पुरुषले निकै प्रयत्न गर्दा पनि प्रेमलाई उचित दिशा दिन नसक्ने तर नारीले चाहेमा क्षणभरमा नै त्यसलाई पूर्णता दिन सक्ने सन्दर्भ 'लोग्ने मान्छेले आँटे वर्ष दिन, स्वास्नी मान्छेले आँटे एकैछिन' र 'जारी गर्ने पुरुष छेपारोदेखि तर्सन्छ' उखानले प्रकट गरेको पाइन्छ । नेपाली जनमानसमा भिजेका यस्ता उखानहरुले पुरुषवर्गलाई कमजोर एवम् डरपोकका रुपमा स्थापित गरी अपमान गरेको देखिन्छ । यसरी नै पुरुषप्रति नारीको हेयभावको सन्दर्भ 'मरे सासूको छोरो, बाँचे मेरो लोग्ने' उखानले प्रकट गरेको छ । यसले पुरुष सप्रेमा आफ्नो र बिग्रेमा सासूआमाको विचार आउनुमा नारीले पुरुषलाई अपमान गरेको स्पष्ट हुन्छ । यस्तै गरी नारीले पुरुषप्रति देखाएको कुदृष्टिको सन्दर्भ 'माथ्लाघरे जेठाजुका टाट्नाभरि खसी, हाम्रा घरका सिल्लिङ्गेको हिउँद गयो बसी' उखानले उजागर गरेको छ । यसले परिश्रम नगर्ने पुरुषलाई नारीले अपमान गरेको स्पष्ट हुन्छ । नेपाली समाजमा विद्यमान यस्ता उखानहरुले पुरुषप्रति लैङ्गिक विभेद गरेको प्रष्ट हुन्छ ।

नेपाली समाजमा विद्यमान रहेका स्वार्थ जिउँदो छँदा बुबालाई हेरचाह नगर्ने मरिसकेपछि लोकाचारका लागि पितृ खुसी पार्ने नाममा पूजाआजा गर्ने सन्दर्भ 'जिउँदो बाबुलाई घर न डेरा, मरेको बाबुलाई दूध र केरा' उखानले प्रस्तुत गरेको छ । यसले समाजका लोकाचार र पुरुषप्रतिको अपमानलाई उजागर गरेको छ । यसरी नै कुनै काम विशेष बारम्बार ससुराली जाँदा ज्वाइँप्रतिको गलत चिन्तनको सन्दर्भ 'दिनदिनै आउने ज्वाइँलाई, हाली देओन गुन्द्री' उखानले देखाएको छ । यसले पुरुषप्रतिको अपमानलाई प्रस्टाएको छ । यस्तै गरी विविध कारणले पुरुषको स्वास्थ्य असर गर्दा गलत सोचेको सन्दर्भ 'नहुने छोराको गन्हाउने मुख' उखानले देखाएको छ । यसले पुरुषप्रतिको हेयभावलाई प्रस्ट पारेको छ । यसरी नै नेपाली समाजमा पुरुषलाई होच्याएको सन्दर्भ 'पोइ पर्‍यो अलपत्र, जोईको भयो सत्र' उखानले सङ्केत गरेको छ । यसले पुरुष काममा सफल नहुदाँ परिवारमा नारीशासनले स्थान पाएको स्पष्ट हुन्छ । प्रस्तुत उखानहरुले लोकजीवनमा यो वा त्यो रुपबाट पुरुषलाई अपमान गरेको सन्दर्भले लैङ्गिक विभेदलाई दर्साएको प्रस्ट हुन्छ ।

माथिका उल्लिखित उखानको विश्लेषणबाट प्राप्त निचोड लोकजीवनमा घटित एकाध घट्नाबाहेक पुरुषलाई पुरुषले नै यो वा त्यो रुपमा अपमान गरेको स्पष्ट हुन्छ । समाजमा प्रचलनमा रहेका यस्ता उखानहरूले पुरुषप्रति हेयभाव राखेका छन् । नेपाली लोकजीवनमा विद्यमान यस्ता उखानहरुले पुरुषप्रति विविध सन्दर्भमा अपमान गरी लैङ्गिक विभेद गरेको देखिन्छ ।

## निष्कर्ष

लोकअनुभवबाट खारिएर निस्केका सूत्रात्मक कथन उखानले समाजको यथार्थ चित्रण गर्नमा महत्वपूर्ण भूमिका खेल्दछन् । नेपाली लोकजीवनमा

प्रचलित उखानहरूले नारी र पुरुषप्रतिको सामाजिक दृष्टिकोण एवम् उनीहरूका आचारण र व्यवहारलाई प्रस्तुत गरेको पाइन्छ । नेपाली समाजमा विद्यमान रहेका केही उखानहरुले पुरुषलाई उच्च सम्मान गरी नारीप्रति लैङ्गिक विभेद गरेको देखिन्छ। यसरी नै नेपाली लोकजीवनमा विद्यमान रहेका केही उखानहरुले नारीलाई विशेष सम्मान गरी पुरुषप्रति लैङ्गिक विभेद गरेको पाइन्छ। यस्तै गरी नेपाली समाजमा प्रचलित केही उखानहरूले नारी र पुरुषलाई समदूरीमा राखी समानताको व्यावहार प्रस्तुत गरेको पनि देखिन्छ । माथि उल्लिखित विविध सन्दर्भका उखानहरुलाई हेर्दा नेपाली समाजको पारिवारिक संरचनालाई उद्देश्यमूलक बनाउन नारीको महत्त्वपूर्ण भूमिका रहने हुँदा नारीप्रति सम्मानभाव प्रकट भएको पाइन्छ भने कतिपय उखानहरूले विविध अवसरबाट बञ्चित गरी नारीलाई अपमान गरेको पनि पाइन्छ । त्यसैगरी कतिपय उखानहरूले जन्मघर र कर्मघर दुबैबाट नारीले अपमान खेप्न परेको सन्दर्भलाई पनि प्रस्तुत गरेका छन् । यसरी नै केही उखानहरुले नारीलाई पुरुषका सुख प्राप्तिका उपभोग्य वस्तुका रूपमा हेरेको पनि पाइन्छ। यस्तै गरी नेपाली समाज पुरुष प्रधान रहेको हुँदा नारीको तुलनामा पुरुषलाई उच्च सम्मान गर्दै उसको कर्मलाई पनि महत्त्व दिएको देखिन्छ। यसरी नै कतिपय उखानहरुले नारीलाई उच्चस्थानमा राख्दै पुरुषप्रति हेयभाव प्रकट गरेको पनि पाइन्छ ।

नेपाली लोकजीवनमा प्रचलित उखानहरूलाई हेर्दा केहीमा महिलालाई सम्मान गरेको पाइन्छ भने केहीमा अपमान गरेको पाइन्छ । त्यसैगरी केही उखानहरुमा पुरुषलाई आदर गरेको पाइन्छ भने केहीमा अनादर गरेको पाइन्छ । नेपाली समाजमा प्रचलित उखानहरुले पुरुषलाई भन्दा नारीलाई जन्मघर एवम् कर्मघरबाट पीडित तुल्याएर लैङ्गिक विभेद गरेको देखिन्छ । **लोकजीवनमा सामाजिक सद्भाव र एकता भङ्ग गरी विभेद सिर्जना गर्ने 'छोरीको जन्म हारेको कर्म', 'रुद्रघण्टी नभएको जात', 'कमारी र पित्ले थाल बिटुलो हुँदैन', 'उत्ताउली गाई, बाघले खाई', 'अलमल गोत्र, आमा एकै बाबु सत्र', 'छोरालाई कापी, छोरीलाई आँसी', 'असीको खसी, साठीको पाठी', 'मरे सासूको छोरो, बाँचे मेरो लोग्ने' जस्ता उखानहय्लाई प्रयोगगत प्रचलनबाट हटाउनु आवश्यक छ** । अन्तमा नेपाली समाजमा प्रचलित उखानहरुले पुरुषलाई भन्दा नारीलाई जन्मघर एवम् कर्मघरबाट पीडित तुल्याएको देखिए पनि फरक लिङ्गबाट भन्दा समान लिङ्गबाट विभेद सिर्जना हुन्छ । समाजमा पुरुषले पुरुषलाई र नारीले नारीलाई नै विभेद गरेको देखिन्छ । सामाजिक सन्दर्भलाई हेर्दा विपरित लिङ्गप्रतिको आकर्षणका कारण नारी र पुरुषका बिचमा भन्दा नारी र नारीका बिचमा तथा पुरुष र पुरुषका बिचमा नै विभेद भएको स्पष्ट हुन्छ।

## सन्दर्भ सामग्रीसूची

अर्याल, वासुदेव (२०६४), *अर्थमूलक नेपाली उखान,* स्वयम् ।
आचार्य, बलराम (२०७४), *लैङ्गिक समाजशास्त्र,* नेशनल बुक सेन्टर ।
आचार्य, राममणि (२०२७), *ऊखान-सङ्ग्रह,* जगदम्बा प्रकाशन ।
उपाध्याय, यदुनन्दन (सन् २०१४), शैक्षिक सन्दर्भमा असामयिक नेपाली भाषाका उखानहरू, *समकालीन साहित्य, (*वर्ष, अङ्क र पृ. ७)
कोनेल, आर.डब्लु (सन् १९८७), *जेन्डर एन्ड पावर,* स्ट्यान्डफोर्ड युनिभर्सिटी प्रेस ।
खड्का, हिराबहादुर (२०६१), *नेपाली उखान-टुक्का,* गणेशकुमार श्रेष्ठ ।
घिमिरे, चण्डीप्रसाद (२०६८), *नेपाली उखान, टुक्का र सिङ्गा शब्दहरूको सँगालो,* दिव्य देउराली प्रकाशन प्रालि. ।
ढुङ्गाना, रामचन्द्र (२०४२), *उखानको वखान,* साझा प्रकाशन ।
पन्थी, टीकाराम (२०६९), प्रस्तुत सङ्ग्रहमाथि विहङ्गम दृष्टि, *नेपाली उखान सङ्ग्रह,* साझा प्रकाशन ।
पराजुली, कृष्णप्रसाद (२०६९), *नेपाली उखान र गाँउखाने कथा,* रत्न पुस्तक भण्डार ।
पौड्याल, शिवप्रसाद (२०६८),*नेपाली उखानका रचना सन्दर्भ,* सुशील पौड्याल ।
बन्धु, चुडामणि (२०५८), *नेपाली लोकसाहित्य,* नेराप्रप्र. ।
शर्मा, झमकप्रसाद (२०५७), *नेपाली-अङ्ग्रेजी उखानकोश,* स्वयम् ।
शर्मा, नगेन्द्र (२०४५), *उखेल्नु पर्ने उखानहरू,* साझा प्रकाशन ।
शमसेर, पुष्कर (२०५०), *नेपाल उखान-टुक्काको कोश,* साझा प्रकाशन ।

**Ethical approval for the research:** Not applicable
**Consent for publication**: Not applicable
**Conflict of interest:** The author does not have any conflict of interest with any institutions concerning this research
**Ethical conduct of research:** This paper is written ethically

**Author's Bio-note:** Ananda Raj Silwal is an Assistant Professorof Nepali in Tribhuvan Univesity. He is pursuing PhD in Nepali literature. He has contributed diverse field of Nepali language and literature through numbers of articles in these fields. His area of interest is Neplai Flok literature.